# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**बुङचुङ, धादिङ ।**

**बागमती प्रदेश, नेपाल ।**

पत्र सङ्ख्याः०७८/०७९

चलानी नं

मिति: २०७८-०४-०६

विषयः मामाजिक मुरक्षा परिचयपत्र नवीकरण मम्वन्धी अत्यन्त जरुरी मुचना ।

प्रम्तुत विषयमा गृह मन्त्रालय,राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.मं. ०७८/०७९ च. नं. ६१ को मिति २०७८/०४/०३ को पत्रानुमार चालु आ.व २०७८/०७९ देखि त्रैमामिक बजेट निकामा गरी अमोज ममान्त भित्र पहिलो त्रैमामिक मामाजिक मुरक्षा भत्ता विनरण गर्नुपर्ने भएको हुदाँ मामाजिक मुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको विवरण २०७८ श्रावण महिनादेखि भाद्र ममान्त भित्र नविकरण गरी मक्नुपर्ने भएकोले मोही बमोजिम नविकरण तथा लगत अध्यावधिक गर्नुहुन अनुरोध छ ।

<u>आवश्यक कागजपत्रहरु</u>

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- पासपोट साईजको २ प्रति फोटो
- सामाजिकर सुरक्षा प्राप्त गरिरहेको परिचयपत्रको प्रतिलिपी परिचयपत्र नम्वर
- वालवालिकाको हकमा जन्मदर्ता प्राणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- असहाय एकल/विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस
- विवाह नगरी ६० वर्ष उमेर पुरा भएकीमहिलाको हकमा विवाह नगरेको वडाको सिफारिस
- सम्वन्ध विच्छेद गरी अर्को विवाह नगरेकी ६० वर्ष माथिका महिलाको हकमा सम्वन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी
- न्यायीक पृथकीकरण गरी बसेका ६० वर्ष माथिका महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्रको प्रतिलिपी
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकावाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- आवश्यकता अनुसार बसाईसराई दर्ता प्रमाणपत्र तथा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी

नोटः- तोकिएको समयमा नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।

वोधार्थ

श्री सञ्चार माध्यमहरु (निलकण्ठ एफ.एम, रेडियो धादिङ,रेडियो विहानी) सुचना प्रमारण गरिदिनुहुन ।

श्री वडा कार्यालय सवै सिद्धलेक गाउँपालिका, आवश्यक प्रचार प्रसार गरि नविकरण गर्नुहुन ।

श्री सुचना प्रविधी शाखा, सिद्धलेक गाउँपालिका, पत्र वेबसाईटमा अपलोड गरिदिनुहुन ।

नन्दलाल शर्मा

प्रमुख प्रशासकीय अधिकृत

नन्दलाल शर्मा

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११४२९, ४२११९३८
४२००८१४, ४२००८१५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००११६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-०७८/७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६९

मिति २०७८/०४/०३

विषय :- सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धमा ।

श्री स्थानीय तह सबै ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले श्रावण महिना देखि कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्ने व्यहोरा उल्लेख भएको भएता पनि आ.व. २०७८/०७९ को बजेट बजेट वक्तव्य बमोजिम आ.व. २०७८/०७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक बजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने हुँदा सो सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

देहाय:

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको विवरण लाभग्राही स्वयं उपस्थित भई भाद्र मसान्त भित्र नवीकरण गरिसक्ने व्यवस्था गर्ने ।

२. विवरण नवीकरण नभएमा लाभग्राहीले नयाँ लाभग्राहीको रुपमा निवेदन दिई अर्को महिना देखि मात्र भत्ता प्राप्त गर्न सक्ने हुँदा लाभग्राहीलाई समयमा नै जानकारी गराई नवीकरणको कार्य तदारुकता साथ गर्ने ।

३. स्थानीय सञ्चार माध्यम रेडियो, टेलिभिजन लगायतका भरपर्दो सञ्चार माध्यमद्वारा लाभग्राहीलाई आवश्यकता अनुसार स्थानीय भाषामा समेत जानकारी गराउने व्यवस्था गर्ने ।

४. त्रैमासिक बजेट निकासा गर्दा वास्तविक लाभग्राहीको संख्या बमोजिम मात्र निकासा हुने हुँदा दोहोरो परेका, मृत्यु भएका लाभग्राहीको विवरण वा कुनै कारणले लगत कट्टा गर्नु पर्ने भए सो गरी लाभग्राहीको वास्तविक संख्या यकिन गराउने व्यवस्था गर्ने ।

५. कतिपय लाभग्राहीहरुको विवरण दर्ता गर्दा निवेदन प्राप्त गर्नु भन्दाको अगाडिको मिति राखेर समेत दर्ता गर्ने गरेको पाइएकोले यस प्रकारको कार्यलाई निरुत्साहित गरी लाभग्राहीको पूर्ण विवरण भरी जुन मितिमा निवेदन प्राप्त भई दर्ता भएको हो सोही विवरणलाई आधार मानी सोही दिन दर्ता गराउने व्यवस्था गर्ने ।

२०७८।०४।०३

(मेघ राज शंकर)
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np